# आकाशवाणी समाचार- नेपाली

मितिः ०८ सितम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- भाजपा संसदीय दलले आफ्नो दुई दिने कार्यशालामा GST कर सुधार प्रस्तावलाई स्वीकृति दिएको छ |
- प्रधानमन्त्री नरेन्द्र मोदी बाडीको स्थितिको समिक्षा गर्न भोलि पंजाब भ्रमणमा जानु हुनेछ |
- सर्वोच्च न्यायलयले बिहार मतदाता सुची विशेष व्यापक समिक्षा विरुद्ध याचिकाहरु माथि आज सुनवाई गर्नेछ |
- उत्तरप्रदेशका ४८ जिल्लाहरु अहिले बाडीको चपेटमा परेका छन्| झन्डै ४१ हजार हेक्टर भन्दा बडी भूमि जलमग्न भएको छ |
- भारतले दक्षिण कोरियालाई ४ – १ गोलले पराजित गरि एसिया कप पुरुष हकी फाइनल जितेकोछ | प्रधान मन्त्रि नरेन्द्र मोदीले बधाई दिनु भएको छ |

## बीजेपी-जीएसटी रिफॉर्म

भारतीय जनता पार्टी संसदीय दलले नयाँ दिल्लीमा चलीरहेको आफ्नो दुई दिने कार्यशालाको बेला आउने पुस्ताका लागि जीएसटी सुधारहरूको प्रस्तावलाई सर्वसम्मतिले स्वीकार गरेको छ। केन्द्रीय वाणिज्य तथा उद्योग मंत्री पीयूष गोयल द्वारा पेश सो प्रस्तावमा भाजपा सांसदहरूले प्रधानमंत्री नरेन्द्र मोदीलाई यस साहसिक र जनहितैषी कदमका लागि बधाई दिए। प्रस्तावमा भनिएको छ कि सुधारको यस चरणले जीएसटी कर प्रणाली सरल बनेको छ तथा नागरिकहरूको हितलाई केन्द्रमा राखिएको छ। खाद्य वस्तुहरू अनि औषधि तथा इलेक्ट्रानिक सामानहरूमाथि जीएसटी दरहरू कम हुनाले यी सरसामानहरूको मूल्यामा कमी आउने छ। ससाना व्यवसायीहरू, निर्यातकहरू र स्टार्टअप उद्यमहरूका लागि पनि प्रक्रियाहरू सरल गरिएको।प्रस्तावमा यो पनि भनिएको छ कि यो सुधार नागरिकहरूको जीवनमा सरलता ल्याउने, व्यापारीहरूलाई थप बलियो बनाउने अनि देशलाई आत्मनिर्भर बनाउने नरेन्द्र मोदी सरकारको लक्ष्यको प्रतीक हो। प्रास्तावमा यो पनि उल्लेख गरिएको छ कि मासिक जीएसटी संग्रह दुई लाख करोड़ सम्म पुग्नु बढी अनुपालन र अर्थव्यवस्था मजबूत हुने संकेत हो। यस प्रस्तावमा विनिर्माताहरू र व्यापारिहरूसित जीएसटी करहरूमा गरिएको कमीको सोझै लाभ उपभोक्ताहरू सम्म पुगोस त्यो सुनिश्चित गर्ने अपील पनि गरिएको छ। प्रस्तावमा यो पनि भनिएको छ कि सरसामानहरूको मूल्य़ घट्नाले वस्तुहरूको मांग बढ्ने छ अनि मांग बढ्नाले व्यवसाय तथा अर्थव्यवस्था थप बलियो हुने छ। प्रधानमंत्री नरेन्द्र मोदीको मार्गदर्शनमा हालैमा गरिएका वस्तु तथा सेवा कर सुधारहरूमा देशको लागि निर्धारित सबै प्रमुख लक्ष्य हासिल गर्ने क्षमता छ। केवल आठ वर्षहरूमा जीएसटी कर दाताहरूको संख्या, 2017 को 66 लाख देखि दुई गुणा बढेर डेढ करोड भन्दा अधिक भएको छ। वित्तीय वर्ष 2024-25 मा वार्षिक जीएसटी संग्रह बढ़ेर 22 लाख करोड़ भन्दा बढी भएको छ। हालै जीएसटी संग्रह झण्डै दुई लाख करोड़ रूपियाँ मासिक भएको छ।

## रिजिजू-भाजपा सांसद कार्यशाला

केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजुले नयाँ दिल्लीमा भारतीय जनता पार्टी (भाजपा) का सांसदहरूको प्रशिक्षण कार्यक्रम राम्रो सँग अघि बढिरहेको बताउनु भएको छ। कार्यशालाको पहिलो दिनको समापनमा पत्रकारहरूलाई सम्बोधन गर्दै श्री रिजिजूले कार्यशाला धेरै व्यवस्थित रहेको बताउनु भयो । उहाले सबै प्रशिक्षण सत्रमा प्रधानमन्त्री नरेन्द्र मोदी उपस्थित रहेको बताउनु भयो ।

**बाइट- किरण रिजिजू**

एन.डी.एको सहयोगी दलका सांसदहरुले पनि आजको कार्यशालामा भाग लिने श्री रिजिजूले बताउनु भयो। प्रधानमंत्री मोदीले कार्यशालाको समापन सत्रलाई सम्बोधन गर्नु हुनेछ।

**पंजाब प्रधानमंत्री दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बाढीले उत्पन्न स्थितिको समीक्षा गर्न पञ्जाबको भ्रमण गर्नुहुनेछ। पीडितहरूलाई अधिकतम सहयोग सुनिश्चित गर्न उहाँले व्यक्तिगत रूपमा स्थलगत अवस्थाको मूल्याङ्कन गर्नुहुनेछ।पञ्जाब भाजपा अध्यक्ष सुनील जाखडले एक सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्रीको भ्रमणको बारे जानकारी दिनुहुदै प्रधानमन्त्री यस संकटप्रति अत्यन्तै चिन्तित छन् र घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेका छन् भनि बताउनु भयो। श्री जाखडले केन्द्र सरकार पञ्जाबका जनताको साथमा दृढतापूर्वक उभिएको पनि बताउनुभयो।यसअघि कृषिमन्त्री शिवराज सिंह चौहानले अवस्थाको मूल्याङ्कन गर्न राज्यको भ्रमण गर्नुभएको थियो। बाढीबाट भएको क्षतिको मूल्याङ्कन गर्न दुई केन्द्रीय अन्तर-मन्त्रालय टीमको गठन गरिएको छ। पञ्जाबको अवस्था अब बिस्तारै सामान्य हुँदै गइरहेको छ। सेना, सीमा सुरक्षा बल, राष्ट्रिय आपदा मोचन बल र स्थानीय जनता राहत र उद्धार कार्यमा संलग्न छन्। राज्यका लगभग दुई हजार गाउँका तीन लाख 87 हजारभन्दा बढी मानिसहरू बाढीबाट प्रभावित छन्। केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्रालयका हजारौं माय भारत आपदा मित्रहरूले राहत कार्यमा मानिसहरूलाई सहयोग गरिरहेका छन्। राज्य सरकारले जिल्लाको अवस्थालाई ध्यानमा राख्दै भोलिदेखि राज्यका सबै विद्यालय तथा कलेजहरू पुनः खोल्न निर्देशन दिएको छ।

**सर्वोच्च न्यायालय-एसआईआर बिहार**

सर्वोच्च न्यायालयले बिहारमा मतदाता नामावलीको विशेष व्यापक पुनरावलोकन गर्ने निर्वाचन आयोगको निर्णयलाई चुनौती दिने याचिकाहरूको एक ब्याच माथि आज सुनवाई गर्ने भएको छ। न्यायाधीश सूर्यकान्त र जोय माल्या बागचीको बेन्चले आर.जे.डी, अल इन्डिया मजलिस–ए–इत्तेहादुल मुस्लिमीन र अन्य याचिकाकर्ताको तर्कमाथि विचार गर्नेछ। निर्वाचन आयोग अनुसार मतदाता नामावलीको मस्यौदामा रहेका 7 करोड 24 लाख मतदाता मध्ये 99.5 प्रतिशत मतदाताले पुनरावलोकन प्रक्रियाका क्रममा आफ्नो कागजात बुझाएका छन्। सर्वोच्च अदालतले निर्वाचन आयोगलाई सूचीबाट हटाइएका मतदातालाई आफ्नो दाबी पेश गर्न अनुमति दिन आदेश दिएको थियो। यस मुद्दाको आजको सुनुवाइमा गैरसरकारी संस्था र राजनीतिक दलले दायर गरेका निवेदनहरू समावेश छन्।

**गुजरात विधानसभा**

गुजरात विधानसभाको तीन दिवसीय सत्र आज देखि शुरू हुदैछ। हाम्रो संवाददाताले बताए अनुसार यस सत्रमा उद्योग, वित्त, श्रम अनि स्वास्थ्य सेवाहरु सित सम्बन्धित पांच महत्वपूर्ण विधेयक पेश गरिनेछ। मुख्यमंत्री भूपेन्द्र पटेलले सत्र अवधि ऑपरेशन सिंदूरको सफलता माथि धन्यवाद प्रस्ताव पेश गर्नु हुनेछ।

**उत्तर प्रदेश-बाढ़**

उत्तर प्रदेशको लगभग 48 जिल्ला बाढ़को चपेटमा रहेका छन्। यी क्षेत्रमा राहत अनि बचाव कार्य जारी छ। राज्यमा गंगा, यमुना, शारदा, रामगंगा जस्ता प्रमुख नदिहरु उफानमा रहेको अनि लगभग 41 हजार हेक्टर भन्दा अधिक भूमि जलमग्न भएको हाम्रो संवाददाताले बताएक छन्।

**कट- सुशील**

**चन्द्रग्रहण**

विश्वभरका आकाश दर्शकहरूले हिजो राति एउटा अद्भुत घटना देखे, पूर्ण चन्द्रग्रहण, जसलाई 'चन्द्र ग्रहण' पनि भनिन्छ।यस वर्षको यो दोस्रो चन्द्रग्रहण, Blood Moon पनि बन्यो। पृथ्वीको छायाले राति 9बजेर 57 मिनटमा चन्द्रमालाई ढाक्न थाल्यो। राति 11 बजेर 1 मिनट सम्म , पृथ्वीको छायाले चन्द्रमालाई पूर्ण रूपमा ढाक्यो, यसलाई तामा जस्तो रातो बनायो र रक्तचन्द्रको दुर्लभ दृश्य सिर्जना गऱ्यो। पूर्ण चन्द्रग्रहण राति 11 बजेर 48 मिनटमा उत्कर्षमा पुगेको थियो।

**संशो. रात्रि एशिया कप हॉकी फ़ाइनल**

भारतले हिज बिहारको राजगीरमा खेलिएको फ़ाइनलमा दक्षिण कोरियालाई 4-1 हराउदै पुरुष एशिया कप हॉकी चैंपियनशिपको ख़िताब जितेको छ।यस जीत सितै भारतले नीदरल्याण्ड अनि बेल्जियममा आगामी वर्ष हुने हॉकी विश्व कपको लागि क्वालीफ़ाई गरेको छ।

यस मुकाबलामा भारतले शुरु देखिनै कोरिया माथि दबाउ बनाएको थियो। सुखजीत सिंहले म्याचको 29 औ सेकंडमा कोरियाको क्षेत्ररक्षणलाई पार गर्दै एक उत्कृस्ट गोल गरे। यो चैंपियनशिपको सबै भन्दा कम समयमा गरिएको गोल थियो यस पछि दिलप्रीत सिंहले दुइ गोल गरे। भारतको तर्फबाट अमित रोहिदासले चौथो गोल गरे। कोरियाले अंतिम क्वार्टरमा एक गोल गरि खेलमा फर्कने कोशिश गरेको थियो।म्याच पछि मीडियासित भारतीय मुख्य कोच क्रेग फुल्टोनले यो एक प्रेरणादायक जीत रहेको अनि यो शृंखला हॉकी विश्व कपमा पनि जारी रहने बताउनु भयो।भारतीय कप्तान हरमनप्रीत सिंहले चैंपियनशिपमा टीमले प्रतेक म्यचमा आफ्नो प्रदर्शनमा सुधार ल्याएको बताए।

**पीएम-हॉकी**

प्रधानमन्त्री नरेन्द्र मोदीले एसिया कपको उपाधि जितेकोमा भारतीय टोलीलाई बधाई दिनु भएको छ। श्री मोदीले सामाजिक सञ्जालमा भन्नु भएको छ , 'भारतले डिफेन्डिङ च्याम्पियन दक्षिण कोरियालाई पराजित गरेकाले यो जित अझ विशेष छ। प्रधानमन्त्री मोदीले, 'यो भारतीय हकी र खेलका लागि गर्वको क्षण रहेको बताउनु भयो। उहाँले खेलाडीहरूलाई नयाँ उपलब्धि प्राप्त गर्ने अनि देशलाई गौरवान्वित बनाउने कामाना गर्नुभयो।

****** ० ******